Cambridge O Level

**Cambridge International Examinations**
Cambridge Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Composition, Translation and Comprehension **May/June 2014**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*5529084743*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, glue or correction fluid.
DO **NOT** WRITE IN ANY BARCODES.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **8** printed pages.

DC (SJF/CW) 84455/2
© UCLES 2014

CAMBRIDGE
International Examinations

**[Turn over**

## Section A – Composition

1 Write in **Nepali two** compositions of about 150 words each. You may choose any **two** subjects from the following:

**(a)** नेपालले प्राकृतिक सम्पदाको (बन, जलश्रोत, खनिज पदार्थ इत्यादी) सदुपयोग गरेर आर्थिक रुपले आत्मनिर्भर बन्ने प्रचुर सम्भावना छ । छलफल गर्नुहोस् ।

Nepal has the potential of becoming economically self-reliant by making use of its natural resources (e.g. forest, water, minerals etc.). Discuss.

**(b)** तपाईंको समुदायमा टेलिफोन, इन्टरनेट लगायतका संचार सुबिधा छैनन् । तपाईंले एउटा संचार केन्द्र स्थापना गर्ने योजना सुझाउनुभएको छ । तपाईंको योजनाबारे दात्रीसंस्था संग रकम तथा प्राविधिक सल्लाह माग गर्दै एउटा निवेदन लेख्नुहोस् । उक्त सहयोग किन आवश्यक छ र कसरी उपयोग गर्नुहुन्छ स्पष्ट उल्लेख गर्नुहोस ।

Your community has no phone lines or internet access. You have thought of a project to establish a communication centre that can provide these services and more. Write an application to a funding agency, requesting financial and technical support for this project. State clearly why you need the support and how you are going to use it.

**(c)** २०१२ मा सम्पन्न लण्डन ओलम्पिक्स/ प्यारावलम्पिक्समा तपाईं पनि एक जना प्रत्यक्ष्य दर्षी वा प्रतियोगि हुनुहुन्थ्यो । ऊक्त प्रतियोगिताको संक्षिप्त रुपमा बर्णन गर्नुहोस् ।

You were one of the witnesses or competitors in an event of the London 2012 Olympics/ Paralympics. Narrate what happened.

**(d)** कुनै एक विशिष्ट व्यक्तित्वको जन्मोत्सव वा अन्त्येष्टि बारे बयान गर्नुहोस ।

Describe the scene of the birthday or funeral of a famous person.

© UCLES 2014

**(e)** शहर भित्र अथवा बाहिर कुन ठाउँमा ठुला अस्पताल संचालन गर्न ठिक हुन्छ  भन्ने विषयमा तपाईं र तपाईंको साथी बिचमा भईरहेको छलफललाई एउटा संवादको रुपमा प्रस्तुत गर्नुहोस् ।

You and your friend are discussing whether a big hospital is more advantageous to establish in the city centre or the outskirts. Present this in the form of a dialogue.

[25 x 2]

## Section B – Translation

**2** Translate into **English**:

मूलप्रवाहमा महिला नेतृत्व

एक्काइसौँ शताब्दीमा नेतृत्वदायी भूमिकामा महिलाहरू विरलै हुनु असमानताको एउटा सूचक हो । विश्व आर्थिक मञ्चको तथ्यांक अनुसार निर्णायक तहमा महिलाहरु २० प्रतिशत भन्दा कम छन् ।

महिला अधिकारवादी वेब साइट 'गर्ल्स ग्लोब'मा नेतृत्व तहमा महिलाहरुको न्यून उपस्थिती बारे नेपालको प्रसंग उठाइएको छ । उक्त वेब साइटले महिलामाथि गरिने अन्तर्राष्ट्रिय सहयोगको धेरै मात्रा महिलाका लागि प्राथमिक र माध्यमिक शिक्षामा गई रहेको जनाएको छ । यसको अतिरिक्त उक्त वेब साइटले अब ठूला दाताहरूले महिलाको नेतृत्व क्षमता विकासतर्फ जोड दिन आह्वान गरिएको जनाएको छ ।

एउटा नयाँ कानून अनुसार, संसद्को कूल स्थान मध्ये एक तिहाई स्थान महिलाकालागि आरक्षित गरेको छ । महिला अधिकारवादी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था उमन लिडकी एक संस्थापिका क्लेर शरम्यानकले यो कानून एउटा महत्वपूर्ण विकास हो किनभने यसले नेपाली महिलाहरुलाई राजनीतिक मूलधारमा ल्याउने छ भनि बताएकी छिन्।

[10]

© UCLES 2014

**3** Translate into **Nepali**:

Officials in Nepal have said that they will have to put a cap on the growth of wildlife, including endangered species like tigers and rhinos. They say this is necessary because there has been a significant increase in loss of human lives from attacks by wild animals. The problem is especially serious in buffer zones between human settlements and national parks. In recent years, Nepal has developed a successful protection programme for many endangered species. The time has now come for us to determine how many animals we can have in our protected areas.

The Chitwan National Park in southern Nepal has more than 500 rhinos and around 125 tigers. The Bardiya National Park in the west now has more than 80 elephants, almost 10 times as many as there were in the 1990s. In the Himalayas, the numbers of endangered species like snow leopards and red pandas have been growing as well. The country has nearly 24% of its land area protected, including national parks, conservation areas and wildlife reserves.

With all these achievements in nature conservation, however, Nepal has also witnessed a rising number of human deaths and property losses because of wildlife. In the last five years, more than 80 people have been killed by wild elephants while 17 of the animals died in revenge killings, according to forest ministry officials.

[20]

© UCLES 2014

## Section C – Comprehension

Read the passage carefully and then answer in **Nepali** the questions that follow, using your **own** words as far as possible.

### रित्तो मनाङ

मनाङ जिल्लाको लालीगुँरास प्राथमिक विद्यालयकी शिक्षिका मीना लामालाई दिन काट्नै धौधौ हुन्छ। किनभने, विद्यालयमा नौ बालबालिकाको नाम लेखाइए पनि दैनिक हाजिरी मुस्किलले चार जनाको मात्र हुन्छ। जबकि, त्यहाँ सरकारले तीन जना शिक्षकको दरबन्दी दिएको छ। जिल्लाका अन्य विद्यालयहरुमा पनि स्थिती यस्तै छ। विद्यालयमा विद्यार्थीले नाम लेखाए पनि सबै विद्यार्थी हाजिर भएको दिनै हुँदैन। भएका विद्यार्थी पनि यहीँका रैथाने परिवारका बालबालिका होइनन्। अन्य जिल्लाबाट ज्याला मजदुरी गर्न आएका परिवारले विद्यालयलाई शून्य हुनबाट जोगाएका छन्। ३२ वर्षदेखि मनाङमा कार्यरत हुम्डे निमाविका प्रधानाध्यापक रुद्रराज पौडेल भन्छन्, "मनाङीका एउटै बच्चा छैन।"

स्थानीयवासीका अधिकांश बालबालिका जिल्लाबाहिरका निजी विद्यालयमा पढ्छन्। १९ वर्षदेखि मनाङका विभिन्न विद्यालयमा बिताएका तिलिचो निमाविका प्रधानाध्यापक यमबहादुर तिमिल्सेना भन्छन्, "गाउँमै मान्छे छैनन्। विद्यार्थी कताबाट आउन् ?" जनसंख्यासँगै विद्यार्थी पलायनले यहाँको तीन सय शिक्षकको दरबन्दी खेर गएको छ। मनाङको शिक्षा क्षेत्रमा सरकारले वार्षिक आठ करोड रुपियाँ लगानी गर्दै आएको छ।

विद्यालय मात्रै होइन, बालबालिका र महिलालाई लक्षित गरिएका सामाजिक र स्वास्थ्यसम्बन्धी कार्यक्रमसमेत प्रभावित भएका छन्, जनसंख्या घटेकाले। त्यसको प्रत्यक्ष प्रभाव अन्तर्राष्ट्रिय गैरसरकारी संस्था केयर नेपालको सुआहारा कार्यक्रमलाई पनि परेको छ। जिल्लाका दुई वर्षसम्मका बालबालिका र गर्भवती महिलालाई लक्षित पौष्टिक आहार कार्यक्रमकी वरिष्ठ सामाजिक परचालक कल्पना श्रेष्ठ भन्छिन्, "एउटा गाउँमा बढी भए दुई जना बच्चा र एक-दुई जना

© UCLES 2014

नै।"

जिल्लाको विकास अनुगमन गर्न गएका अधिकारीहरू त्यस बेला छक्क परे, जब विद्यालयहरूमा शिक्षकले स्वागत गरे तर विद्यार्थी भेटिएनन्। जिल्लाका महिलाहरूको अवस्थाबारे बुझ्न अनुगमनमा गएकी महिला विकास अधिकृत नीलाकुमारी घिमिरे भन्छिन्, "गाउँघरमा त महिला र बालबालिका नै फेला परेनन्। के आवश्यकता सोध्नू ?"

खासमा बढ्दो बसाइँसराइले मनाङलाई निकै पिरोलेको छ। मनाङवासीको उद्देश्य मनग्गे पैसा कमाएर मुख्य सहर पोखरा, काठमाडौँ र चितवनमा बसाइँसराइ गर्नु हो। ०४८ मा १२ हजार भएको मनाङको जनसंख्या ०५८ मा ९ हजार र ०६८ को जनगणना अनुसार त यो ६ हजार ४ सयमा सीमित छ।

थातथलो छाड्नेहरू बढ्दै जानु र अन्यत्रबाट आउनेलाई स्थायी बसोवासका लागि जग्गा खरीद गर्न नदिने प्रवृत्तिले जनसंख्या र बस्ती विकासमा बाधा पुगेको बताइन्छ । बाहिरबाट आएर स्थानीय भाषामा माक्पा शब्दले चिनिने घरज्वाइँजस्तै भएर बसेपछि मात्र यहाँ जग्गा किन्न र घर बनाउन पाइन्छ ।

मनाङीहरू गाउँ नै रित्याएर सहर, राजधानी अनि विदेश भासिँदै छन्। मनाङमा राज्यले गरिरहेको लगानीको औचित्यमाथि पनि प्रश्न उठेको छ। त्यसैले त शिक्षा कार्यालयका हेमबहादुर क्षेत्री भन्छन्, "यति धेरै खर्च गरेर राज्यकोषमाथि अनावश्यक भार पार्नुभन्दा यो लगानीले जिल्लामा एउटै स्तरीय आवासीय विद्यालय स्थापना गरे बेस हुन्छ।"

4 लालीगुँरास प्राथमिक विद्यालयकी शिक्षिका मीना लामालाई दिन काट्नै धौधौ किन भएको होला ? [1]

5 विद्यालयलाई विद्यार्थी शून्य हुनबाट जोगाउनमा कसको योगदान भनिन्छ ? [1]

6 दोश्रो अनूछेदबाट उद्दत गर्दै जनसंख्यासँगै विद्यार्थी पलायनले शिक्षामा निम्त्याएको दुई ओटा क्षती उल्लेख गर्नुहोस । [2]

7 विद्यालयको अलावा मनाङ्गको घट्दो जनसंख्याको कारण कुन दुइओटा कार्यक्रमहरु प्रभावित भएका छन् ? [2]

8 जिल्लाको विकास अनुगमन गर्न गएका अधिकारीहरू किन छक्क परे ? [1]

9 महिला विकास अधिकृत नीलाकुमारी घिमिरेले अनुगमन कार्य किन पूरा गर्न सकिनन् ? [2]

10 मनाङ्गेहरु जिल्ला छाड्ने दुई मूल कारण के हुन् ? [1]

11 मनाङको ०४८, ०५८ र ०६८ को जनसंख्याले के संकेत गर्छ ? [1]

12 मनाङमा बाहिरबाट आएकाहरुलाई घर जग्गा किन्न किन कठिन छ र यो समस्याको सम्भाव्य समाधान के हुन सक्छ ? [2]

13 मनाङमा राज्यले गरिरहेको लगानी खेर गएकोमा शिक्षा कार्यालयका उपसचिव हेमबहादुर क्षेत्री कस्तो सुझाव दिन्छन् ? [2]

Language and spelling [5]

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.

© UCLES 2014